# सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी(पहिलो संशोधन) कार्यविधि, २०७७

सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि २०७६, लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्त्री कार्यविधि २०७६ को दफा ८ मा संशोधनः** सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्त्री कार्यविधि २०७६ (यस पछि "मूल कार्यविधि" भनिएको)को दफा ८ मा,

(१) उपदफा (१) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राखेः-

"ईन्जिनियर, हाईड्रोजियोलोजिष्ट, सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि. तथा ल्याब टेक्निसियन पदमा छनौटको लागि विभिन्न चरणमा लिइने परीक्षण विधि देहाय बमोजिम हुनेछ।

(क) शैक्षिक योग्यता र अनुभव - असी अङ्क

(ख) अन्तरवार्ता -वीस अङ्क"

(२) उपदफा (२) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राखेः-

"सिफारिस समितिले दफा ६ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारको शैक्षिक योग्यता र अनुभव कार्यविधिको अनुसूचि-१ बमोजिमको मूल्यांकनका आधारमा मूल्यांकन गर्दा न्यूनतम् ५०% अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्ये माग पद संख्याको तेब्बर संख्यामा उम्मेदवारहरुको नाम छनौट गरी संक्षिप्त सूची प्रकाशन गर्नेछ । यस दफा बमोजिम उम्मेदवारले प्राप्त गर्ने अंकलाई उम्मेदवारले अन्तर्वातामा प्राप्त गरेको अंकमा गणना गरी जम्मा प्राप्ताङ्कको आधारमा अन्तिम नतिजा प्रकाशन गरिने छ ।

तर माग पद संख्याको तेब्बर संख्या वा सो भन्दा कम मात्र आवेदनहरु परेमा सबै उम्मेदवारहरु स्वतःसंक्षिप्त सूचिमा समेटिएको मानिने छ ।"

३. **मुल कार्यविधिको दफा ९ मा संशोधनः** मुल कार्यविधिको दफा ९ मा,

(१) उपदफा (१) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांशराखेः-

"दफा ८ को उपदफा १(क) बमोजिम संक्षीप्त सूचिमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्वातामा सामेल गराइनेछ।"

(२) उपदफा (२) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राखेः-

"उपदफा १ बमोजिम संक्षीप्त सूचिमा परेका उम्मेदवारहरुको अन्तरवार्ताका लागि पदपूर्ति समितिले आवश्यक प्रबन्ध गर्नेछ ।"

(३) उपदफा (३) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राखेः-

"अन्तरवार्ताको अंकभार दफा ८ को उपदफा १(ख) बमोजिम जम्मा २० अंकको हुनेछ।"

(४) उपदफा (६) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राखेः-

अधिकृतस्तर सातौं | उप सचिव | सचिव

"संक्षिप्त सूचिमा परेका उम्मेदवारहरुको अन्तरवार्ताको लागि मिति, समय र स्थान सम्बन्धी जानकारीको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरिनेछ । उक्त सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत टाँसिने छ।"

४. <u>मुल कार्यविधिको दफा १० मा संशोधन:</u> मुल कार्यविधिको दफा १० मा,

(१)उपदफा (२) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राख्ने:-

"अन्तर्वार्ता समाप्त भएपछि सिफारिस समितिले उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्कलाइ शैक्षिक योग्यता र अनुभवमा प्राप्त प्राप्ताङ्कमा जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको आवश्यक संख्या नियुक्तिको लागि सिफारिस गरिनेछ र बाँकी उम्मेदवारहरुलाई बैकल्पिक उम्मेदवारको रुपमा पदपूर्ति समिति समक्ष सिफारिस गर्नु पर्नेछ। त्यसरी सिफारिस समितिबाट प्राप्त सिफारिसलाई पदपूर्ति समितिले अनुमोदन गरी सेवा करारको लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।"

(२) उपदफा (३) मा रहेको वाक्यांशको सट्टा देहाय बमोजिमको बाक्यांश राख्ने:-

"यस कार्यविधि बमोजिम सेवा करारमा राखिएका प्राविधिक पदहरुको आर्थिक वर्षभित्र रिक्त भएमा बैकल्पिक सूचीमा भएका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा सेवा करारको लागि सिफारिस गर्न सकिनेछ ।"

५. <u>मुल कार्यविधिको अनुसूची हेरफेर:</u> मुल कार्यविधिको अनुसूची-१ र २ मादेहाय बमोजिम हेरफेर गर्ने:-

"अनुसूची १ मा को शैक्षिक योग्यता र अनुभव वापतपूर्णाङ्क ८० राख्ने र अनुसूची २ मा अन्तर्वार्ताको लागिपूर्णाङ्क २० राख्ने।"

अधिकृतस्तर सातौं　　　　उप सचिव　　　　सचिव

# मुल कार्यविधिको अनुसूचिको सट्टा देहायको अनुसुची राखे वा थप गर्ने

अनुसूची-१

(दफा ८ को उपदफा १ (क) सँग सम्बन्धित)

(क) (१) ईन्जिनियर पदको उम्मेदवार छनौटका लागि शैक्षिक योग्यता र अनुभव वापतको अंक प्रदान गर्ने आधारः

पूर्णाङ्क :८०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ६५ अङ्क |
| १.१ | ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएमा (स्नातक तह) | ६० अङ्क |
| १.२ | ७५ प्रतिशत देखि ८० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (स्नातक तह) | ५७.५ अङ्क |
| १.३ | ७० प्रतिशत देखि ७५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा भएमा (स्नातक तह) | ५५ अङ्क |
| १.४ | ६५ प्रतिशत देखि ७० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा भएमा(स्नातक तह) | ५२.५ अङ्क |
| १.५ | ६० प्रतिशत देखि ६५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा भएमा(स्नातक तह) | ५० अङ्क |
| १.६ | ५५ प्रतिशत देखि ६० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा भएमा(स्नातक तह) | ४७.५ अङ्क |
| १.७ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ४५ अङ्क |
| १.८ | तोकिएको न्यूनतममा माथिल्लो शैक्षिक योग्यता वापत | ५ अङ्क |
| २ | **सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत** | १५ अङ्क |
| २.१ | ५ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १५ अङ्क |
| २.२ | ४ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १२ अङ्क |
| २.३ | ३ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ९ अङ्क |
| २.४ | २ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ६ अङ्क |
| २.५ | १ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ३ अङ्क |
| | जम्माः | ८० अङ्क |

(क) (२) सव-ईन्जिनियर पदका लागि शैक्षिक योग्यता र अनुभव वापतको अंक प्रदान गर्ने आधारः

पूर्णाङ्क :८०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ६५ अङ्क |
| १.१ | ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ६० अङ्क |
| १.२ | ७५ प्रतिशत देखि ८० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ५७.५ अङ्क |
| १.३ | ७० प्रतिशत देखि ७५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ५५ अङ्क |
| १.४ | ६५ प्रतिशत देखि ७० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(प्रमाण-पत्र तह) | ५२.५ अङ्क |
| १.५ | ६० प्रतिशत देखि ६५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ५० अङ्क |
| १.६ | ५५ प्रतिशत देखि ६० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ४७.५ अङ्क |
| १.७ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(प्रमाण-पत्र तह) | ४५ अङ्क |
| १.८ | तोकिएको न्यूनतममा माथिल्लो शैक्षिक योग्यता वापत | ५ अङ्क |

अधिकृतस्तर सातौं          उप सचिव          सचिव

| | | |
|---|---|---|
| २ | सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत | १५ अङ्क |
| २.१ | ५ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १५ अङ्क |
| २.२ | ४ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १२ अङ्क |
| २.३ | ३ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ९ अङ्क |
| २.४ | २ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ६ अङ्क |
| २.५ | १ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ३ अङ्क |
| | जम्माः | ८० अङ्क |

(क) (३) ल्याब टेक्निसियन पदका लागि शैक्षिक योग्यता र अनुभव वापतको अंक प्रदान गर्ने आधारः

पूर्णाङ्क :८०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | शैक्षिक योग्यता बापत | ६५ अङ्क |
| १.१ | ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ६० अङ्क |
| १.२ | ७५ प्रतिशत देखि ८० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ५७.५ अङ्क |
| १.३ | ७० प्रतिशत देखि ७५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ५५ अङ्क |
| १.४ | ६५ प्रतिशत देखि ७० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(प्रमाण-पत्र तह) | ५२.५ अङ्क |
| १.५ | ६० प्रतिशत देखि ६५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ५० अङ्क |
| १.६ | ५५ प्रतिशत देखि ६० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (प्रमाण-पत्र तह) | ४७.५ अङ्क |
| १.७ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(प्रमाण-पत्र तह) | ४५ अङ्क |
| १.८ | तोकिएको न्यूनतममा माथिल्लो शैक्षिक योग्यता बापत | ५ अङ्क |
| २ | सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत | १५ अङ्क |
| २.१ | ५ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १५ अङ्क |
| २.२ | ४ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १२ अङ्क |
| २.३ | ३ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ९ अङ्क |
| २.४ | २ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ६ अङ्क |
| २.५ | १ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ३ अङ्क |
| | जम्माः | ८० अङ्क |

अनुसूची – २

**(दफा ८ को उपदफा (१) (ख) सँग सम्बन्धित)**

**(ख) अन्तरवार्ता मूल्यांकनको आधारः**

**पूर्णाङ्क : २०**

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १० अङ्क |
| २ | व्यक्तित्व | २.५ अङ्क |
| ३ | सिर्जनशील क्षमता | २.५ अङ्क |
| ४ | प्रस्तुति र शुद्धता | २.५ अङ्क |
| ५ | आत्मविश्वास | २.५ अङ्क |
| | जम्माः | २० अङ्क |

**अधिकृतस्तर सातौं** **उप सचिव** **सचिव**